संघीय संसद

प्रतिनिधि सभा

विकास तथा प्रविधि समिति

बैठक संख्या : १३८

मितिः २०७९/०२/११

छलफल एवं निर्णय :

समितिको आज बसेको आन्तरिक बैठकमा समितिको कार्यक्षेत्रसँग सम्वन्धित विभिन्न विषयहरुमा छलफल भई देहायका एजेन्डाहरुमा सम्वन्धित मन्त्रालयसँग बैठक बसी प्राथमिकताका आधारमा क्रमशः छलफल गर्दै जाने निर्णय भयो ।

१. रेल तथा मेट्रो रेल विकास आयोजनाको सम्बन्धमा ।
   - रेल पूर्वाधारको सम्बन्धमा
   - राष्ट्रिय गौरवको आयोजना पूर्व पश्चिम रेलमार्ग
   - जनकपुर — जयनगर
   - जनकपुर — कुर्था — विजलापरा — बर्दिबास — निजगढको स्थलगत अवलोकन

२. महाकाली नदीको ४-लेनको पुल (चाँदनी दोधरा जोड्ने)

३. नेपाली सेनाद्वारा निर्माणाधीन काठमाडौं-तराई/मधेश द्रुतमार्गको सम्बन्धमा अहिलेसम्म भएको छलफल एवं पत्राचार तथा समितिमा प्राप्त document का सम्वन्धमा बैठक बसी छलफल गर्ने ।

४. खानेपानी मन्त्रालयबाट सम्पादन हुने विविध क्षेत्र समेटेर समितिसँग आवासीय कार्यक्रम सञ्चालन गर्ने ।
   - मेलम्ची खानेपानी आयोजनाको स्थलगत अनुगमन

५. सञ्चार मन्त्रालयसँग मध्यपहाडी लोकमार्ग लगायत राष्ट्रिय गौरवका आयोजनाहरुमा विस्तरित अप्टिकल फाइबरहरुको वर्तमान अवस्था
   - नेपाल टेलिकमको प्रभावकारिता
   - डिजिटल नेपाल फ्रेमवर्कको वर्तमान अवस्था

६. शहरी विकास मन्त्रालय
   - संसद भवन लगायत निर्माणाधीन सरकारी भवनहरु तथा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले हस्तान्तरण गरेका कामहरुको प्रगतिका सम्बन्धमा
   - जनता आवास कार्यक्रम

७. युटिलिटी करिडोरको सम्बन्धमा सम्बन्धित मन्त्रालयका पदाधिकारीहरुको सहभागितामा उपयुक्त समयमा कार्यशाला गोष्ठी गर्ने ।

| | |
|---|---|
| ......................................... | ......................................... |
| (ओमबहादुर कार्की) | (कल्याणी कुमारी खड्का) |
| समिति सचिव | सभापति |